# शिवालय गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः ९ २३ पौष २०८२

## भाग-२

शिवालय गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालयको

सूचना

**स्थानीय संघ संस्था दर्ता सम्बन्धी कार्यविधि, २०८२**

स्वीकृत मिति: २०८२/०८/२९

**प्रस्तावना:**

सामाजिक, धार्मिक, साहित्यिक, वैज्ञानिक, शैक्षिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन २०७४ दफा ११ उपदफा (४) (ठ) ले प्रदान गरेको अधिकार कार्यान्वयनका लागि नेपालको संविधानको धारा २२६ बमोजिम शिवालय गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम तथा प्रारम्भ**: (१) यस कार्यविधिको नाम "शिवालय गाउँपालिका स्थानीय संघ संस्था दर्ता कार्यविधि २०८२" रहनेछ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएका मितिदेखि पलागु हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "अन्तर्राष्ट्रिय गैरसरकारी संस्था" भन्नाले अन्य राष्ट्रमा दर्ता भई प्रचलित कानुनबमोजिम अनुमति लिई काम गर्ने संस्थु पर्छ ।

(ख) "कार्यविधि" भन्नाले "शिवालय गाउँपालिका संघ संस्था दर्ता कार्यविधि २०८२" सम्झनु पर्छ ।

(ग) "कार्य समिति" भन्नाले संस्थाको विधानअनुसार गठन भएको संचालक समिति सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले शिवालय गाउँपालिकाको कार्यपालिका भन्ने सम्झनु पर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधि अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(च) "दातृ निकाय" भन्नाले सामाजिक आर्थिक बिकास कार्यमा प्रचलित कानुन बमोजिम सहयोग गर्ने द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार सम्झनु पर्छ ।

(छ) "न्यायिक समिति" भन्नाले नेपालको संविधानमा व्यवस्था भए बमोजिम शिवालय गाउँपालिकाको न्यायिक समिति सम्झनु पर्छ ।

(ज) "विधान" भन्नाले यो कार्यविधि अनुसार स्थापित हुने संस्थाको विधान भन्ने सम्झनु पर्छ ।

(झ) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानि,क शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यावसायिक तथा परोपकारी कार्यहरुको विकास एंव विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लब, मण्डल, परिषद्, अध्ययन केन्द्र आदि सम्झनु पर्छ र सो शब्दले मैत्री संघ समेतलाई जनाउँछ ।

(ञ) “स्थानीय अधिकारी” भन्नाले शिवालय गाउँपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

**(ट)** “स्थानीय सरकार” भन्नाले शिवालय गाउँपालिका भन्ने सम्झनु पर्छ ।

## परिच्छेद – २
## संघ संस्था दर्ता तथा नवीकरण

३. **दर्ता नगरी संस्था खोल्न नहुने**: (१) यस कार्यविधि बमोजिम दर्ता नगरी कसैले पनि शिवालय गाउँपालिका क्षेत्रभित्र संस्था स्थापना गर्न हुँदैन ।

(२) संविधान र प्रचलित कानुनको निषेध गरेका कुनै पनि कार्य गर्ने उद्देश्य भएको संस्था दर्ता गरिने छैन तर यस दफाको प्रतिकूल हुनेगरी दर्ता भएमा त्यस्तो संस्थाको दर्ता स्वत: बदर हुनेछ ।

४. **संस्थाको दर्ता**: (१) संस्था स्थापना गर्न चाहने ९ देखि बढीमा १५ जना व्यक्तिहरुले आवश्यकताअनुसार पदाधिकारी राखी संस्था सम्बन्धि देहायको विवरण खलाई संस्थाको विधानको दुई प्रति र तोकिएको दस्तुरसहित स्थानीय अधिकारी समक्ष निवेदन दिनु पर्नेछः-

(क)संस्थाको नाम,

(ख)उद्देश्यहरु,

(ग) कार्य समितिका सदस्यहरुको नाम, ठेगाना र पेसा,

(घ) आर्थिक स्रोत,

(ङ) कार्यालयको ठेगाना,

(२) उपरोक्त अनुसार खुलेको निवेदनमा तपसिल अनुसारका कागजातहरु संलग्न भएको हुन पर्नेछ । निबेदनको ढाँचा अनुसुची १ अनुसार हुनेछ।

(क) सम्बन्धित वडाको सिफारिस,

(ख) कार्यसमितिका सदस्यहरुको नागरिकताको प्रमाणित प्रतिलिपि,

(ग) संस्थाको विधान (कार्य समितिका सदस्यहरु सबैको प्रस्तावित विधानको तल माथि हस्ताक्षर भएको)

(घ) शिवालय गाउँपालिका क्षेत्रभित्र शाखा खोल्नका लागि संस्थाको विनिमय भित्रको कार्यक्षेत्र भएको हुनु पर्नेछ साथै वार्षिक साधारण सभाबाट शाखा खोल्ने निर्णय भएको र संस्थाले कर चुक्ता गरेको हुनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले सम्बन्धित निकाय मार्फत संस्थाका कार्यसमिति सदस्य पदाधिकारीहरुको चारित्रिक विवरण समेत आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा नगर कार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ ।

(४) नगर कार्यपालिकाले संस्था दर्ता गर्न उचित ठानी निर्णय गरेमा स्थानीय अधिकारीले संस्था दर्ता गरी दर्ताको प्रमाणपत्र दिनेछ ।

(५) यस दफा अन्तर्गत दिइने प्रमाणपत्रको ढाँचा अनुसुची २ अनुसार हुनेछ र सो बापत लाग्ने दर्ता तथा नवीकरण दस्तुर गाउँपालिकाले तोकिदिए बमोजिम हुनेछ ।

(६) कार्यपालिकाले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना १५ दिन भित्र निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले ३५ दिनभित्र तोकिएको अदालत समक्ष उजुरी दिन सक्नेछ।

(७) उपदफा (२) को खण्ड (ग) बमोजिम संस्थाको विधानको ढाँचा अनुसूची ३ बमोजिम हुनेछ ।

५. **<u>संगठित संस्था मानिने</u>**: (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२)संस्थाले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न र गाउँ कार्यपालिकाको अनुमति लिई वेचबिखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

६. **<u>अघि दर्ता भई स्थापना भएका संस्थाले दर्ता नवीकरण गर्ने</u>**: (१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानुन बमोजिम शिवालय गाउँपालिका क्षेत्रमा केन्द्रीय कार्यालय रहेका संस्थाहरुले तोकिएको दस्तुर बुझाई नवीकरण गरेमा यसै ऐन अनुसार दर्ता भएको मानिनेछ ।

(२) यो कार्यविधि प्रारम्भ हुनुभुन्दा अघि तत्काल प्रचलित कानूनबमोजिम अन्यत्र दर्ता भएका र हाल शिवालय गाउँपालिका क्षेत्रमा कार्य गर्न चाहने सबै संस्थाहरुले गाउँपालिका क्षेत्रमा शाखा कार्यालय स्थापना गरी कार्यविधिको दफा ४ को उपदफा (१) र (२) बमोजिम निवेदन दिई स्थानीय अधिकारीबाट शाखा दर्ता प्रमाणपत्र प्राप्त गर्न सक्नेछन् । यसरी शाखा प्रमाणपत्र प्राप्त गरेपछि मात्र गाउँपालिका क्षेत्रमा कार्य गर्ने अनुमति भएको मानिनेछ ।

७. **<u>नविकरण र प्रतिवेदन सम्बन्धी व्यवस्था</u>**: (१) दर्ता भएका संस्थाहरुले वार्षिक नवीकरण गराउनु पर्नेछ । नवीकरणका लागि दिइने निवेदनमा वार्षिक प्रगति प्रतिवेदन अनिवार्य रुपमा संलग्न भएको हुन पर्नेछ ।

(२) नवीकरण दस्तुर नगरपालिकाले तोकेबमोजिमको हुनेछ ।

८. **<u>संस्थाको उद्देश्यहरुमा हेरफेर</u>**: (१) संस्थाको उद्देशयहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको कार्य समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधानबमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य सङ्ख्याको दुई तिहाइ सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ । तर सो प्रस्ताव लागू गर्न स्थानीय अधिकारीको पूर्व स्वीकृति लिनु पर्नेछ ।

## परिच्छेद-३
## समन्वय तथा परिचालन

९. **<u>समन्वयमा कार्य गर्नु पर्ने</u>**: (१) यस ऐन बमोजिम दर्ता भएका संघ संस्था वा नगरपालिकामा कार्यक्षेत्र बनाई प्रदेश तथा संघीय

निकायमा दर्ता भएका गैरसरकारी संघ संस्थाले गाउँपालिकासँगको समन्वयमा रही कार्य गर्नु पर्नेछ ।

तर कुनै अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाले गाउँपालिकासँग समन्वयमा काम गर्दा त्यस्तो कामको लागि नेपाल सरकारको पूर्व स्वीकृति लिएको हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउपालिकासँग समन्वय गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) गाउँपालिकासँग भएको सम्झौताका आधारमा कुनै अध्ययन, सर्वेक्षण वा कार्यक्रम सञ्चालन गर्ने,

(ख) आफ्नो वार्षिक योजना, कार्यक्रम तथा बजेट गाउँपालिकाको वार्षिक योजना, कार्यक्रम तथा बजेटमा समावेश गराउने,

(ग) गाउँपालिकाले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउने ।

(३) यस दफाको विपरीत कुनै संघ संस्थाले काम गरेमा गाउँपलिकाले त्यस्तो काम कारबाहीको कार्यान्वयन गर्न रोक लगाउन सक्नेछ ।

(४) संघ संस्थाको समन्वय तथा परिचालन सम्बन्धी कार्यविधि गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१०. **निर्देशन दिने**: (१) शिवालय गाउँपालकिकाले संस्थालाई आबश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

## परिच्छेद–४

## संस्थाको सम्पति तथा हिसाब सम्बन्धी व्यवस्था

११. **संस्थाको सम्पति**: (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पति कुनै दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा स्थानीय अधिकारीले त्यस्तो सम्पति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पति फिर्ता गर्ने गरी स्थानीय अधिकारीले गरेको कारबाहीमा चित नबुझ्ने व्यक्ति कानुनी उपचारमा जान सक्नेछ ।

१२. **हिसाबको विवरण पठाउनु पर्ने**: (१) कार्य समितिले आफ्नो संस्थाको लेखापरीक्षण र नवीकरण आश्विन मसान्तसम्म गर्ने र हिसाबको विवरण, लेखापरीक्षकको प्रतिवेदन प्रत्येक वर्ष

नवीकरण गर्दा सम्वन्धित वडाको सिफारिससहित नगरपालिकालाई बुझाउनु पर्नेछ ।

१३. **हिसाब जाँच गर्ने**: (१) स्थानीय अधिकारीले आवश्यक देखेमा संस्थाको हिसाब आफूले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

(२) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले स्थानीय अधिकारीले तोकिदिएको म्यादभित्र हिसाब जाँचको प्रतिवेदन स्थानीय अधिकारीसमक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने स्थानीय अधिकारीलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानि नोक्सानी असुल गर्न प्रचलित कानुनबमोजिम कारबाही चलाउन सक्नेछ ।

तर, प्रचलित कानुनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद-५

## दण्ड सजाय सम्बन्धी व्यवस्था

१४. **<u>दण्ड सजाय</u>**: (१) दफा ४ को (१) र (२) बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ६ बमोजिम शाखा नखोली संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाका कार्य समितिका सदस्यहरुलाई प्रचलित कानुन अनुसार दण्ड र सजाय दिइनेछ ।

(२) दफा १२ बमोजिम हिसाबको विवरण नपठाई वार्षिक नवीकरण नगर्ने संस्थाले प्रतिबर्ष रु १०००।०० (एकहजार) नवीकरण दस्तुर तिरी आर्थिक बर्षभित्र संस्था नवीकरण गराउन सक्नेछन् । लगातार नीन आर्थिक बर्षसम्म पनि नविकरण नगर्ने संस्था स्वत: खारेज भएको मानिनेछन् ।

(३) दफा १३ को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई स्थानीय अधिकारीले संस्थाको साधारण सदस्य समेतबाट निलम्बन गर्न सक्नेछ ।

(४) दफा ८ को (१) र (२) बमोजिम स्थानीय अधिकारीको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी

काम कारबाही गरेमा वा स्थानीय सरकारले दिएको निर्देशन पालन नगरेमा स्थानीय अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्वन गर्न वा खारेज गर्न सक्नेछ ।

१५. **पुनरावेदन**: दफा १४ बमोजिम स्थानीय अधिकारीले गरेको अन्तिम निर्णय उपर ३५ दिनभित्र तोकिएको अदालतमा पुनरावेदन लाग्नेछ ।

१६. **संस्थाको विघटन र त्यसको परिणाम**: (१) संस्थाको विधानबमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारण वस संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा स्थानीय सरकारमा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले थामेसम्म त्यस्तो दायित्व स्थानीय सरकारले व्यहोर्ने छ ।

## परिच्छेद-६
## बिबिध

१७. **नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नु पर्ने**: (१) कुनै संस्थाको दर्ता वा स्थापना गर्ने वा कार्यक्षेत्र यकिन गर्ने सम्बन्धमा अर्को संघीय वा प्रदेश ऐनमा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो

संस्था सोही ऐन बमोजिम स्थापना हुने र कार्यक्षेत्र यकिन हुनेछ । स्थानीय सरकारमा दर्ता भएको भूगोल बाहिर नेपाल ऐन बमोजिम क्रियाशील हुनेछ ।

अनुसूची १

(दफा ४ को उपदफा २ सँग सम्बन्धित)

संस्था दर्ता गर्ने निवेदनको नमुना

मितिः ...............

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू,
शिवालय गाउँ कार्यपालिकाको कार्यालय
सीमा, जाजरकोट ।

बिषय: संस्था दर्ता सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाको वडा नं ....... को ................ टोलमा स्थापना गरिएको .......... संस्थालाई शिवालय गाउँपालिकाको कार्यालयमा दर्ता गरिदिन हुन अनुरोध गर्दछु । यस संस्थाको विधान र अन्य आवश्यक कागजात यसै निवेदनसाथ संलग्न गरिएको छ ।

निवेदक

..............

अध्यक्ष

प्रस्तावित संस्थाको नाम ठेगाना

(क) सम्बन्धित वडाको सिफारिस

(ख) कार्यसमितिका सदस्यहरुको नाम र ठेगाना

(ग) कार्यसमिति सदस्यहरुको नागरिकताको प्रमाणित प्रतिलिपि

(घ) संस्थाको प्रमाणित विधान

(ङ) दफा ४ वमोजिमका अन्य कुरा

अनुसूची २

(दफा ४ को उपदफा ५ सँग सम्बन्धित)

संघ संस्था दर्ता प्रमाण पत्रको नमुना

दर्ता नं............

मितिः ............

**शिवालय गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

जाजरकोट

संस्था दर्ता प्रमाण-पत्र

शिवालय गाउँपालिका वडा नं ........ स्थित........................................ मा स्थापना भएको..............................................

संस्थालाई यस गाउँ कार्यपालिकाको मिति............................... को निर्णयबमोजिम दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

साथै यस गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, शहरी, सुशासन लगायतका क्षेत्रमा संस्थाको सक्रिय सहभागिताको अपेक्षाका साथै उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

........................................

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ३

(दफा ४ को उपदफा ७ सँग सम्बन्धित)

संघ संस्था विधानको नमुना

....................संस्थाको विधान, २०...........

प्रस्तावना:

................ (संस्था दर्ता गर्नुको आचित्यको छोटो पृष्ठभूमि)

.........................................................................................

सामाजिक आर्थिक रुपमा शसक्त सभ्य र सुसंस्कृत समाजको निर्माण गर्ने तथा मानव विकासमा जुटने उद्देश्य लिई यस संस्थाको सञ्चालनको लागि..................संस्था २०.... को विधान शिवालय गाउँपालिका संस्था दर्ता ऐन २०८२ को अधिनमा रही तर्जुमा गरिएको छ ।

**परिच्छेद-१**

**प्रारम्भ**

**१.संस्थाको नामः-**............ हुनेछ। अंग्रेजीमा......... भनिनेछ।

(क) **संस्थाको कार्यालय रहने ठेगानाः** यस संस्थाको कार्यालय ..........मा रहने छ।

(ख) संस्थाको कार्यक्षेत्रः यस संस्थाको कार्यक्षेत्र प्रारम्भिक रुपमा शिवालय गाउँपालिका भित्र हुनेछ। प्रचलित कानुनको रित पुर्याई सम्बन्धित स्थानीय तहको पूर्व स्वीकृति लिई नेपालको जुनसुकै स्थानको पनि शाखा कार्यालय खोलि कार्य संचालन गर्न सकिनेछ।

**२.परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा।

(क) **संस्था** भन्नाले...........लाई सम्झनु पर्छ।

(ख) **विधान** भन्नाले ..........को विधान सम्झनु पर्छ।

(ग) **समिति** भन्नाले यसै विधानको दफा १३ बमोजिम गठित कार्य समितिलाई सम्झनु पर्छ।

(घ) सभा भन्नाले यस विधान अनुसार बन्ने साधारण सभा र विशेष साधारण सभालाई सम्झनु पर्छ

(ङ) पदाधिकारी भन्नाले यस संस्थाको पदाधिकारीलाई सम्झनु पर्छ।

(च) विनियम भन्नाले यस विधायन अन्तर्गत बन्ने विनियमलाई जनाउछ।

(छ) तोकिए वा तोकिए बमोजिम भन्नाले यो र यस विधायन अन्तर्गत बनेको नियम विनियम वा तोकिएबमोजिम हुनेछ।

(ज) स्थानिय सरकार भन्नले यस शिवालय गाउँपालिकालाई सम्झनु पर्छ

(झ) स्थानीय अधिकारी भन्नले यस शिवालय गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ञ) सम्बन्धित कार्यालय भन्नले यस शिवालय गाउँपालिकाको कार्यालय वा समय समयमा नेपाल राजपत्रले तोकेको कार्यालयलाई बुझनु पर्छ।

(ट) सल्लाहाकार भन्नले यस विधायन अन्तर्गत कार्यसमितिले नियुक्ती गर्ने सल्लाहाकारलाई जनाउने छ।

(ठ) आर्थिक वर्ष भन्नले यस संस्थाको हरेक वर्षको श्रावण १ देखि असाढ मसान्त सम्मलाई जनाउछ।

(ड) सदस्य भन्नले यस संस्थाको कुनै पनि सदस्यलाई जनाउछ।

(ढ) ऐन भन्नले शिवालय गाउँपालिकाको संस्था दर्ता ऐनलाई जनाउछ।

**३.संस्थाको छाप र चिन्ह-**संस्थाको एउटा छुटै छाप र चिन्ह हुनेछ।छाप र चिन्ह अनुसूचि १ बमोजिमको ढाचाँमा हुनेछ।तर संस्थाको नाम छाप चिन्ह पूर्व दर्ता भएको कुनै संस्थासंग मेल खाएमा संसोधनको प्रकृयाद्धारा तुरुन्त संसोधन गरिनेछ।

**परिच्छेद-२**

उदेश्य

**४.संस्थाको उदेश्यः** यस संस्थाको उदेश्य देहायबमोजिम हुने छः

(क) यो सस्था मुनाफारहित जनकल्याणकारी तथा जनहितको सस्था हुने छ।

(ख)

(ग)

(घ)

(ङ)

**५. सस्थाको उदेश्य प्राप्त गर्न गरिने कामहरु**

(क)सस्थाले प्राचिन नेपाल कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमति वा ईजाजत प्राप्त गरी मात्र उपरोक्त उदेश्य कार्यान्वयन गर्ने छ।

(ख) सस्थालाई आवस्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने र कम्प्युटर टेलिफोन टाईपराईटर,फ्याक्स जस्ता कार्यालय सामान तथा सवारीसाधन खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने छ।

(ग)सस्थालाई आवस्यक पर्ने कर्माचारी नियुक्ति गर्ने तथा तिनको सेवा सर्त निर्धारण गर्ने

(ङ)विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसंग सस्थाको उदेश्यसँग मिल्ने प्रकृयाका कार्यक्रममा सहकार्य गर्न सकिने छ।

**परिच्छेद-३ सदस्याता सम्बन्धी व्यावस्था**

**६.सदस्यताको वर्गीकरणः** यस सस्थामा देहायबमोजिम ४ प्रकारका सदस्यहरुको वर्गीकरण गरिएको छ।

(क) साधारण सदस्यः विधानको दफा ७ बमोजिम योग्यता भई सदस्य भएका सदस्यहरु साधारण सदस्य मानिनेछ।

(ख) आजीवन सदस्यः दफा ७ बमोजिम योग्यता भई चल अचल सम्पति कम्तिमा रु .... वा सो भन्दा बढी एकमुष्ठ रु... बुझएमा संस्थाको आजीवन सदस्य हुनेछ।

(ग) संस्थापक सदस्यःसंस्थाकव स्थापना हुदाको कालमा संगठित भई क्रियाशिल भएका सदस्यहरु

(घ) मानार्थ सदस्याः संस्थाको विकासको निमित्त विशेष योगदान दिईएको वा दिनेछन भनि संस्थाले प्रदान गर्ने मानार्थ सदस्य यस्तो सदस्यता प्राप्त गर्ने व्यक्तिबाट कुनै शुल्क लिईने टैन निजहरुले सस्थाको निर्वाचनमा उम्मेदवारी दिन र मताधिकार प्रयोग गर्न पाउने छैनन्। राय सल्लाहा र सुझब दिन सक्नेछन।

**७.सदस्यता प्राप्त गर्नको आवस्यक योग्यताः-**

यस .......को विधान र उदेश्यमा आस्था राख्ने कुनै पनि जाति, भाषा, धर्म मान्ने व्यक्ति हुनु पर्ने छ। १८ वर्ष पुरा भएको नेपाली नागरिकहरु यस सस्थाको सदस्य हुन पाउने छन साथै उक्त व्यक्तिको मानसिक स्थिति ठिक भएको र सस्थाको हित हुने काम गरेको हुनु पर्ने छ नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाया नपाएको हुनु पर्ने छ।

**८.संस्थाको सदस्य नियुक्ति हुन वा वहाल रहन नसक्ने अवस्थाः**

१ देहाएको कुनै पनि व्यक्ति संस्थाको सदस्य पदमा नियुक्ति हुन सक्ने छैनः

क.गैरनेपालि नागरिक र नेपाली नागरिक भएपनि १८ वर्ष पुरा नगरेको

ख.मानसिक सन्तुलन ठिक नभएको र अस्वस्थ

ग.दामासाहीमा परेको

घ.कुनै प्रकारको चोरी,ठगी ,किर्ते वा जालसाचि गरेको वा आफनो जिम्माको धनमकाल आनाधिकृत तवरले मासेको वा दुरुपयोग

गरेको,भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको एक वर्ष भित्र सम्म

ङ.सम्बन्धित  संस्थाको व्यावसायमा निजि स्वार्थ भएको

च.सदस्य शुल्क बुझाउन बाकीँ रहेको।

**९.देहायका अवस्थामा कुनै पनि व्यक्ति संस्थाको सदस्यमा बहाल रहने छैनः**

क. उपदफा ८ (१)बमोजिम सदस्य पदमा नियुक्ति हुन नसक्ने भएमा,

ख.साधारण सभाबाट ७५ प्रतिशत ले बहुमतले संस्थाको सदस्य पदबाट हटाउन प्रस्ताव पास भएमा,

ग.सदस्यले आफनो पदबाट दिइएको राजिना स्वीकृती भएमा,

घ.सस्थाको काम कारबाहीमा लापर्बाही बेईमानी वा  बदनियत गरेको कुरा अदालतबाट प्रमाणीत भएमा,

ङ.यस विधान बमोजिम संस्थाले गर्न नहुने भनि तोकिएको कुनै कार्य गरेमा कुनै व्यक्तिलाई संस्थाको सदस्य नियुक्ति हुन वा वहाल रहन अयोग्य ठहराउने भन्दा अघि संस्थाले निजलाई सो कसुरको सुचना दिई सफाईको प्रमाण पेश गर्ने मौका दिनु पर्छ।

**१०.सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधिः-**

(क) परिच्छेद नं.३ दफा ७ अनुसार योग्यता भई साधारण सदस्य हुन चाहनेले संस्थाको सिफारिसमा सदस्यता प्रवेश शुल्क बापत रु.... सहित निवेदन पत्र दिइएमा सदस्यता बापत गर्न सकिने छ

(ख) साधारण सदस्यता वार्षिक शुल्क रु... लाग्ने छ।जुन सुकै महिनामा सदस्य बनेमा वा सदस्यता नविकरण गरे पनि निजले बुझएको शुल्क त्यसै सालको चैत्र मसान्त सम्मको लागी मात्र मान्य हुनेछ।अर्को

सालको लागी पुनःनियामानुसार प्रत्योक वर्षको वैशाख .......गते भित्र सदस्यता नविकरण गर्नु पर्ने छ।

(ग) सदस्यता प्रदान गर्ने सम्पूर्ण अधिकार कार्य समितिमा रहने छ तर यसलाई साधारण सभाबाट अनुमोदन हुन आवस्यक छ।

(घ) आजीवन सदस्यता प्रदान गर्न सिफरिस कार्य समितिले गर्नेछ।यसबारे साधारण  सभाले स्वीकृती दिनुपर्ने छ।

**परिच्छेद-४**

**११.संस्थाको सभा बोलाउने तरिका र सभाका लागी दिनुपर्ने सुचना सम्बन्धी कुराहरुः**

१.यस संस्थाको साधारण सभा देहायबमोजिम हुनेछ

(क) वार्षिक साधारणसभा र

(ख) विशेष साधारणसभा

(२) यस संस्थाको प्रथम साधारण सभा संस्थापना भएको आ.व.समाप्त भएको मितिले तिन महिना भित्रमा गरिनेछ  र त्यस पछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले तिन महिना भित्र गरिनेछ।

(३)यस संस्थाको वार्षिक साधारणसभा गर्नको लागी कम्तिमा १५ दिन अगावै र विशेष साधारणसभा गर्नका लागी कम्तिमा ७ दिन अगावै सभ हुने मिति समय स्थान छलफल गर्ने विषय खोलि सबै साधारण सदस्यहरुलाई सुचना दिईनेछ।

(४)उपदफा (३) बमोजिम बोलाएको साधारण सभामा गणपुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा ७ दिनको म्याद दिई पुनःसाधारणसभा बोलाईनेछ।

**१२.साधारण सभाको काम कर्तव्य र अधिकार**

क.कार्य समितिको निर्वाचन गर्ने,

ख.कार्य समितिका पदाधिकारी एंव सदस्य उपर अविश्वासको प्रस्ताव पारित गरी पद मुक्त गर्ने

ग.विधानको अभिनमा रहि आवस्यक नियामावलि स्वीकृत गर्ने दरबन्दी सृजना गर्ने पारिश्रमिक निर्धारण गर्ने

घ.वार्षिक कार्यक्रम र बजेट पारित गर्ने

ङ.लेखा परिक्षक नियुक्ति गर्ने

च.कार्य समितिलाई आवस्यक निर्देशन दिने

छ.विधानबमोजिम अन्य कार्य गर्ने

ज.संस्थाको सर्वोच्च अंगको रुपमा रहि आवस्यक कार्य सम्पादन गर्ने गराउने

**(१३)कार्य समिति**

(क)कार्य समितिको गठन साधारणसभाबाट हुनेछ।तर प्रथम वार्षिक साभारण सभा नभए सम्मको लागी निम्नबमोजिम अध्यक्ष तथा सदस्य रहेको कार्य समिति रहने छ।कार्य समितिको संख्या ऐनको दफा ४ अनुसार (९देखी १५ आवस्यक पदाधिकारी राखि तलको ढाँचा अनुसार हुनेछ।

१.अध्यक्ष-१ जना

२.उपाध्क्ष-१ जना

३.सचिव-१ जना

४.सहसचिव-१ जना

५कोषाध्यक्ष-१ जना

६.सदस्य-बढीमा १० जना

(ख) कार्यसमिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्बन नगर्नु पर्ने छ। समितिमा कम्तिमा ३३ प्रतिशत सदस्य महिला हुनु पर्ने छ। समितिको अध्यक्ष सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा १ जना महिला पदाधिकारी हुनुपर्नेछ।

(ग)कार्य समितिको कार्यकल ३ वर्ष हुनेछ।

(घ)वार्षिक साधारण सभा हुनु भन्दा अगावै कुनै कार्य समितिमाम रहेको सदस्यको पद रिक्त हुन आएमा बाँकि अवधिका लागी कार्यसमितिका सदसयको नियुक्ति समितिद्धारा गर्न सकिनेछ। कुनै सदस्यको पद बिचमा रिक्त भएमा सो पदमा नियुक्ति भएको सदस्यको कार्यकाल सो सदस्य जुन सदस्यको पद रिक्त भई नियुक्ति भएको सो सदस्यको बाँकी कार्यकाल सम्मका लागी मात्र हुनेछ।

(ङ) कार्य समितिको बंठक आवस्यकतानुसार कार्य समितिको अध्यक्षले बोलाउने छ जसमा सदस्य संख्या ५१ प्रतिशत सदस्यले माग गरेमा अध्यक्षले कार्य समितिको बैठक बोलाउनु पर्नेछ।

च) कार्य समितिको बैठकमा सदस्य स्वंयम उपस्थित हुनु पर्नेछ।

छ)सदस्यको जम्मा संख्याको कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित नभई कार्य समितिको बैठक हुनेछैन

ज)कार्य समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्ने

झ) कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ तर मत बराबर भए अध्यक्षले निर्णयक मत दिन सक्नेछ

ञ) संस्थाले गर्ने भनिएको सम्पुर्ण कार्य  समितिको निर्णय बाट हुनेछ।

## परिच्छेद-६

## १४.पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

**१. अध्यक्षः**

क) कार्य समितिको बैठक संचालन गर्ने

ख)बैठकमा निर्णायक मत दिने

**ग)साधारण सभाले पारित गरेका निर्णयहरुको कार्यन्वयन र रेखदेख गर्ने गराउने**

घ)सस्थाको सम्बन्धित सम्पूर्ण कुराहरुको रेखदेख, संरक्षण र नियान्त्रण गर्ने गराउने

ङ)विभिन्न संस्था वा अन्य निकायहरुसंगको सम्बन्धमा सस्थाको प्रतिनिधित्व गर्ने।

च)सस्थाको पदाधिकारी सदस्यहरुको काम बाडफाड गर्ने।

छ)सस्थाको उदेश्य प्राप्तिको लागी अन्य काम गर्ने।

**२.उपाध्यक्षः-**

**क**)अध्यक्षको अनुपस्थिमा कार्यकारिणी समितिको अध्यक्षता गर्ने

ख)अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम गर्ने गराउने

ग)विधानले तोके अनुसार र अध्यक्षद्धारा प्रत्योजित कार्य गर्ने

**३.सचिवः**

क.अध्यक्षको निर्देशन अनुसार साधारण सभाको र कार्यकारिणी समितिको बैठक बोलाउने

ख.सस्थाको दैनिक प्रशासकीय काम गर्ने

ग.संस्थाको रेखदेख नियान्त्रण निर्देशन गर्ने तथा विभिन्न व्यक्ति एवंम निकायसंग सम्बन्ध राख्ने र प्रत्राचार गर्ने

घ.साधारण  सभामा कार्यकारी समितिको तर्फबाट पेश गर्नु पर्ने वार्षिक प्रतिवेदन भावि योजना तथा कार्यक्रम प्रस्तुत गर्ने

ङ. साधारण सभा र कार्यकारिणी समितिको निर्णय बमोजिम कार्य गर्ने गराउने

च.संस्थाको विल, भौचर,दर्ता चलानी तथा अन्य आवश्यक कागजात सुरक्षित र पार्दशिताका साथ राख्ने

छ.बैठकको कार्यसुचि तयार गर्ने, बैठकको निर्णय निर्णय पुस्तक लेख्ने र सुरक्षित राख्ने

**४.सहसचिवः**

क.सचिवको अनुपस्थिमा सचिवले गर्ने काम गर्ने

ख.विधाले तोके अनुसार र सचिवद्धारा प्रत्यायोजित कार्य गर्ने

**५.कोषाध्यक्षः**

क.सस्थाको हिसाब श्रेस्ता  दुरुस्त राख्ने

ख.आर्थिक प्रतिवेदन तयार गरि साधारण सभा तथा कार्यकारिणी नगरपालिकामा पेश गर्ने

ग.आर्थिक प्रशासनको कार्य गर्ने

घ.आर्थिक हिसाब पार्दशि रुपमा दुरुस्थ राख्ने

ङ.बैंकमा खाता खोलि कोष स्थापना गर्ने र सस्थाको चल अचल सम्पतिको संरक्षण सम्बर्द्धन  र सदुपयोग गर्ने

च.प्रत्योक आर्थिक वर्षको हिसाबको लेखापरिक्षण गराउने

**६.सदस्य**

क.नियामित बैठकमा उपस्थित भई सक्रिय रुपमा छलफलमा भाग लिने

ख.कार्यकारिणी समितिले दिईएको जिम्मेवारी तदारुक्ताका साथ निर्वाह गर्ने

ग.सस्थाको उदेश्य बमोजिमको काम गर्न क्रियाशिल रहने

घ.तोकिए बमोजिमका अन्य काम गर्ने

**<u>१५.गणपुरक संख्या</u>**

कुल सदस्य संख्याको ५१ प्रतिशतको प्रतिनिधित्व हुने गरि साधारण सदस्यहरु उपस्थित नभई साधारण सभाको काम कार्वाही हुने छैन

**१६.संस्थाको कोषः**

संस्थाको आफ्नै छुटै कोष हुनेछ र कोषमा देहाय बमोजिम प्राप्त रकमहरु रहनेछ

क.सदस्यता शुल्क बाफत प्राप्त रकम

ख.कसैले स्वच्छाले दिईएको कार्यक्रम अनुदान रकम

ग.ऋण

२.विदेशी संस्थाबाट अनुदान रकम लिने भए सस्थाले नेपाल सरकारको पुर्वस्वीकृति लिनेछ

**१७. खाता संचालनः**

सस्थाको अध्यक्ष, सचिव मध्ये एक जना र कोषाध्यक्ष, सहित २ जनाको संयुक्त दरखास्तबाट खाता संचालन हुने छ प्रचलित ऐन नियमानुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यावस्था मिलाउनु पर्ने व्यावसथा गरिनेछ।

**१८.सस्थाको लेखा र लेखापरिक्षणः**

१.सस्थाको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राख्ने

२.सस्थाको लेखा परिक्षण प्रचलित कानुन बमोजिम रजिष्टर्ड लेखापरिक्षक बाट हुने

३.नेपाल सरकार वा स्थानिय अधिकारीले चाहेमा जुनसुकै बखत पनि सस्थाको हिसाब किताब जाच्न वा  जचाउन सक्ने

४.लेखापरिक्षकको नियुक्ति बार्षिक साधारण सभाबाट हुने छ।प्रथम साधारण सभा नभएसम्म लेखा परिक्षकको नियुक्ति समितिबाट हुने

छ।लेखापरिक्षकको बार्षिक प्रतिवेदन स्थानीय सरकार,समाज कल्याण परिषद लगायत निकायमा पेश परिनेछ।

**परिच्छेद ७**

निर्वाचन सम्बन्धी ब्यवस्था

**१९ निर्वाचन सम्बन्धी ब्यवस्था**

क) प्रत्येक कार्य समितिको पदावधि पद सम्हालेको मितिले ३ बर्षको हुनेछ ।

पदावधि समाप्त हुनुभन्दा एक महिना अगाडी कार्य समितिले एक जना निर्वाचन अधिकृत र २ जना सहायक गरि तीन जना मनोनयन गरि निजद्वरा निर्वाचनको ब्यवस्था गर्नेछ । संस्था दर्ता भएको ६ महिनाभित्र बिधानअनुसार साधारण सभा गराई सो को जानकारी स्थानीय सरकार लाई दिनु पर्नेछ ।

ख) निर्वाचन गर्नु पर्दा एउटा निर्वाचन समिति गठन गरिनेछ । त्यस्तो निर्वाचन समितिले निर्वाचन सम्बन्धि सम्पूर्ण कार्यविधि आफैं व्यवस्थित गर्नेछ ।

ग) निर्वाचन सम्बन्धमा निर्वाचन समितिको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

घ) निर्वाचन सम्पन्न भएपछि सो समितिको स्वत: विघटन हुनेछ ।

ङ) निर्वाचन समितिमा रहेका ब्यक्तिले उपेदवारी दिन पाउने छैन तर आफ्नो मताधिकार प्रयोग गर्न सक्नेछ ।

**२०. उमेदवार हुने योग्यता**

क) सस्थाको सदस्य हुनुपर्नेछ ।

ख) कुनै कानुनद्धारा अयोग्य नठहरेको ।

ग) संस्थाको उदेश्य बमोजिम का गर्न प्रतिबद्ध रहेको ।

**२१. अविश्वासको प्रस्ताबः-**

क) सिगो कार्य समिति वा समितिमा कुनै पदाधिकारी उपर विश्वास छैन भने कुल सदस्य संख्यको १/३ तिहाइ सदस्यले अविश्वासको प्रस्ताव दर्ता गर्न सक्नेछन । त्यस्तो माथि छलफल गरि उक्त प्रस्ताब लाई ३५ दिन भित्र बिशेष साधारण सभा बोलाउने छ र २ तिहाई बहुमत बाट अविश्वासको प्रस्ताब पारित भए सिंगो कार्य समिति वा पदाधिकारी पद मुक्त हुनेछन । आरोपित व्यक्तिलाई १५ दिन भित्र आफ्नो सफाई पेश गर्ने मौका दिईनेछ। तोकिएको समयमा आफ्नो सफाई पेश नगरेमा निज स्वत: पद मुक्त हुनेछ ।

**२२. बिधान संशोधनः-**

कुल सदस्य संख्याको २ तिहाइ सदस्यहरुले अनुमोदन गरे पश्चातमात्र संस्थाको कुनै दफा संशोधन वा खारेजीका लागि स्थानीय अधिकारीसमक्ष सिफारिस गरी पठाउनु पर्नेछ ।

स्थानीय अधिकारी बाट स्वीकृत भए पश्चातमात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ ।

**२३. विनियम बनाउन सक्नेः-**

संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक विनियम बनाउन सक्नेछ र सो को जानकारी स्थानीय अधिकारी लाई दिनु पर्नेछ ।

**२४. तदर्थ समितिः-**

यो संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले ६ महिनाभित्र विधान अनुसारको निर्वाचन कार्य गर्नका लागि

समितिको गठन गर्नुपर्नेछ । सो अवधिमा कार्य समितिले गरेका कामहरु यसै बिधानअनुसार भएको मानिने छ ।

**२५. सस्था खारेजीः-**

१. साधारण सभाले आवश्यक देखेमा बिशेष प्रस्ताब पारित गरी सस्था खारेज गर्न सक्नेछ ।

२. उप नियम (१) बमोजिम खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा बढी लिक्विडेटर सस्थाको हिसाब किताब जाँच गर्नका लागि एक वा एक भन्दा बढी लेखा परीक्षकहरु नियुक्त गर्न सक्नेछ । लिक्विडेटर र लेखा परीक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

३. उपनियम (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकले सस्था खारेजी सम्बन्धी काम कार्वाही गर्नेछन ।

४. विविध कारणवश सस्था बिघटन भएमा यसको चल अचल सम्पत्ति स्थानीय सरकारको हुनेछ ।

**२६. ऐन अनुसार हुनेः-**

यस विधानमा उल्लेख नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ र सस्था दर्ता ऐन, नियम र प्रचलित कानूनसंग बाझिन गएका कुराहरु स्वतः निष्कृय हुनेछन ।

**२७. नियम पालनाः-**

स्थानीय सरकारबाट प्राप्त निर्देशन सस्थाले पूर्ण रुपले पालना गर्नेछ ।

## २८. सस्थापकहरुको मन्जुरी:-

हामी ................... सस्थाका निम्न सस्थापकहरु यस बिधान बमोजिम कार्य गर्न मन्जुर भै विधानमा सहिछाप गर्दछौं ।

पद क्र. सं सस्थापकहरुको नाम, थर र ठेगाना

अध्यक्ष १

उपाध्यक्ष २

सचिव ३

सहसचिव ४

कोषाध्य ५

सदस्य ६

सदस्य ७

सदस्य ८

सदस्य ९

विधानको अनुसूची (१)

१) छाप अण्डाकार/ गोलाकार/ वा....................... हुनेछ ।

२) ...................... भित्रको घेराको वरीपरी .................. लेखिएको हुनेछ ।

३) छापको......................... स्थानमा स्थापना मिति २०............ हुनेछ ।

४) अन्य कुनै चिन्ह वा बिवरण भए सोही अनुसार ब्याख्या गर्ने ..........हुनेछ ।

५) तपशिल अनुसारको हुने भनि उल्लेखित बिवरण अनुसारको छाप रेखा चिन्हमा स्पष्ट रुपमा लेखिएको हुन पर्नेछ।

छाप

................................

**आज्ञाले,**

गोपाल शाही

प्रमुख प्रशासकीय अधिकृत